**मिति २०८० साल चैत्र ४ गते आइतबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक नं. ०२/१३/२०८०/०८१ मा भएका प्रस्ताव तथा निर्णयहरुः**

**१. १५ शैया अस्पताल निर्माणको लागत साझेदारी सम्बन्धमा ।**

प्रस्ताव नं.-१ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-३, ऐसेलुखर्कस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा निर्माणाधीन १५ शैया अस्पताल निर्माण सम्बन्धमा मिति २०७८ साल माघ २४ गते सोमबार आ.व. २०७८/०७९ को एघारौं गाउँ कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णय नं. -१० मा १५ शैया अस्पताल निर्माणको डि.पि.आर. अनुसार रु. २०,६०,००,७४८/- (अक्षरुपी बीस करोड साठी लाख सात सय अठ्चालिस रुपैयाँ मात्र) लागत देखिएकोमा संघीय सरकारबाट रु.१८,००,००,०००/- (अक्षरुपी अठार करोड रुपैयाँ मात्र) स्रोत सुनिश्चित भएको, डि.पि.आर. बमोजिम अपूग हुन आएको रकम रु.२,६०,००,७४८/- (अक्षरुपी दुई करोड साठी लाख सात सय अठ्चालिस रुपैयाँ मात्र) रकम आगामी आ.व. मा गाउँपालिकाबाट क्रमागत रुपमा विनियोजन गर्ने निर्णयानुसार १५ शैया अस्पताल निर्माण (ठेक्का नं.- ARM-KHO-07/2078/079/NCB/WORKS) कुल लागत रकम रु. २०,६०,००,७४८/- (अक्षरुपी बीस करोड साठी लाख सात सय अठ्चालिस रुपैयाँ मात्र) को बोलपत्र आह्वान भएकोमा रु. १९,३०,४४,१६४.०९/- (अक्षरुपी उन्नाइस करोड तीस लाख चौवालिस हजार एक सय चौसठ्ठी रुपैयाँ पैसा नौ मात्र मू.अ.क. तथा पि.एस. सहित) को बोलपत्र स्वीकृत भई निर्माण कार्य भइरहेकोले सो अस्पताल निर्माणको लागि संघीय सरकारबाट सुनिश्चितता भई अपूग हुन आएको रकम रु.१,३०,४४,१६४.०९/- (अक्षरुपी एक करोड तीस लाख चौवालिस हजार एक सय चौसठ्ठी रुपैयाँ पैसा नौ मात्र) आगामी आ.व. गाउँपालिकाबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. प्रदेश समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना/कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं.-२ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरको प.स. २०८०/०८१, च.नं. ५०६, मिति २०८०/११/३० को पत्रानुसार आ.व. २०८१/०८२ मा प्रदेश सरकार र स्थानीय तह समेतको लागत साझेदारी हुने गरी समपुरक अनुदानबाट सञ्चालन हुने तपसिल बमोजिमका आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | आयोजना/कार्यक्रम | कैफियत |
|---|---|---|
| १. | ऐसेलुखर्क बजार ढलान | बहुवर्षिय (क्रमागत) |
| २. | ऐसेलुखर्क लिदिङ खोला सडक स्तरोन्नती | बहुवर्षिय |

**३. तोरी खेती प्रवर्द्धन कार्यक्रमको आवेदक घरधूरी सूची अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा कृषि विकास समितिको मिति २०८०/१०/१४ गतेको बैठकबाट पेश भएको तोरी खेति प्रवर्द्धन कार्यक्रम (तोरी उत्पादनमा अनुदान कार्यक्रम) अन्तर्गत मिति २०८०/०५/०५ गतेको सूचना बमोजिम प्राप्त तपसिल बमोजिमका आवेदक घरधूरीको सूची अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

वडा नं.-१, राखा - ६१ घरधुरी
वडा नं.-२, बाकाचोल - २९ घरधुरी
वडा नं.-३, ऐसेलुखर्क - २६ घरधुरी
वडा नं.-४, जलेश्वरी -११ घरधुरी
वडा नं.-५, महेश्वरी -२४ घरधुरी
वडा नं.-६, ज्यामिरे -६ घरधुरी
वडा नं.-७, माक्पा -२७ घरधुरी

**४. कृषि विकास समितिको बैठक तथा लाभग्राही सूची अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं.-४ माथि छलफल गर्दा कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकरण कार्यक्रम औजार वितरण ८० प्रतिसत अनुदान,ब्यवसायिक कृषि तथा पशु फार्म सुदृढिकरण ७५ प्रतिशत अनुदान र किवी पकेट थाक्रा एग्रोनेट सहित सहयोग कार्यक्रम ५० प्रतिशत साझेदारी कार्यक्रममको लागि मिति २०८०/११/०९ को कृषि विकास समितिको बैठकबाट छनोट भएका लाभग्राही सूची अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. कार्यक्रम तथा बजेट संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं.-५ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा स्वीकृत तपसिल बमोजिमको योजना/आयोजना/कार्यक्रम शीर्षक तथा बजेट संशोधन गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

| **थप हुने रकम** | | | **घट हुने रकम** | | |
|---|---|---|---|---|---|
| **क्र. स.** | **कार्यक्रम शीर्षक** | **रकम (.रु)** | **क्र. स.** | **कार्यक्रम शीर्षक** | **रकम (.रु)** |
| १. | अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकरण कार्यक्रम ८० प्रतिशत अनुदान | रु.२,९०,०००/- (विनियोजित रकम रु.७,७५,०००/-मा थप गरी कुल रकम रु. | १. | किवी विरुवा सहयोग ८० प्रतिशत अनुदान कार्यक्रम रु.१,५०,०००/- | रु.१,५०,०००-/ |
| | | | २. | कृषक समूह सञ्चालन | रु. ५०,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १०,६५,०००/- | | तथा ब्यवस्थापन तालिम रु.१,५०,०००/- | |
| | | | ३. | बाली तथा पशुधन बीमा अभिमूखिकरण रु.२,००,०००/- | रु. ९०,०००/- |
| २. | चित्रे लङ्खुरी दिङ्कु खानेपानी व्यवस्थापन | रु.२,५०,०००/- | ४. | चित्रे लङ्खुरी दिङ्कु एक घर एक धारा खानेपानी निर्माण | रु.२,५०,०००/- |
| ३. | गाउँपालिका प्रशासकीय भवन निर्माण | रु.१५,००,०००/- | ५. | झाँक्रीबास खानेपानी साझेदारी कार्यक्रम (३३ प्रतिशत) | रु.१५,००,०००/- |

**६. किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालनको लागि १ विद्यालय छनोट सम्बन्धमा ।**

प्रस्ताव नं.-६ माथि छलफल गर्दा किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालनार्थ कोशी प्रदेश सरकारबाट प्राप्त रु. ७९,०००/- (अक्षरुपी उनासी हजार रुपैयाँ मात्र) बजेट किशोरी सशक्तीकरण कार्यक्रम (सञ्चालन) निर्देशिका, २०७९ को दफा ४ बमोजिम तपसिल बमोजिमको विद्यालय छनोट गरी कार्यक्रम सञ्चालन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| **क्र.स.** | **विद्यालयको नाम** | **ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १. | श्री गुँरास आ.वि. | ऐसेलुखर्क-४, जलेश्वरी | |

**७. लिलाम बिक्री समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं.-७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका मातहतका सरकारी संरचना भत्काइ सो संरचनामा रहेका सामाग्रीहरु लिलाम बिक्री गर्नको लागि तपसिल बमोजिमको ५ सदस्यीय लिलाम बिक्री समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. संयोजक- सम्बन्धित वडाका वडा अध्यक्ष
२. सदस्य- इलाका प्रशासन कार्यालय, ऐसेलुखर्कको प्रतिनिधि
३.सदस्य- जिन्सी शाखा प्रमुख
४.सदस्य- आर्थिक प्रशासन शाखा प्रमुख,
५. सदस्य- प्राविधिक शाखा प्रमुख वा निजले तोकेको प्राविधिकप्रतिनिधि

**८. ट्याक्टर भाडा भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं.-८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. -७, माक्पाको भीरपानी- नोरुङ- देशारे सडक खण्डको पहिरो सरसफाई तथा ग्रावेल बोक्नको लागि प्रयोग भएका तपसिल बमोजिमका ट्याक्टरभाडा गाउँपालिकाले निर्धारण गरेको प्रतिदिन भाडा दररेट अनुसार मर्मत कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | ट्याक्टर धनीको नाम, थर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | उदयराज राई | ऐसेलुखर्क-७ | रु.२७,५००/- | २.५ दिन |

**९. बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं.-९ माथि छलफल गर्दा भैपरी आउने/कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी हुने गरी तपसिल बमोजिमको योजना सञ्चालनको लागि बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. स्वास्थ्य चौकी राखा फिल्ड मर्मत रु.२५,०००/-

२. श्री मानुका आ.वि. सम्झना कक्षा कोठा प्लाष्टर रु.६०,०००/-

**१०. किसान सूचिकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं.-१० माथि छलफाल गर्दा किसान सूचीकरण कार्यक्रम संचालनको लागि **"किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७"** बमोजिम तपसिलका सदस्यहरु रहने गरी ११ सदस्यीय किसान सूचिकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. संयोजक -श्री राजेश कुमार राजभण्डारी (उपाध्यक्ष, ऐसेलुखर्क गाउँपालिका)

२. सदस्य - श्री पुरुषोतम राजभण्डारी (१ नं. वडा अध्यक्ष)

३. सदस्य - श्री नन्द कुमार तामाङ (२ नं. वडा अध्यक्ष)

४. सदस्य - श्री टेकेन्द्र राजभण्डारी (३ नं. वडा अध्यक्ष)

५. सदस्य - श्री भक्त बहादुर तामाङ (४ नं. वडा अध्यक्ष)

६. सदस्य - श्री टंकराम राई (५ नं. वडा अध्यक्ष)

७. सदस्य - श्री सुनिल राई (६ नं. वडा अध्यक्ष)

८. सदस्य - श्री अरुण राई (७ नं. वडा अध्यक्ष)

९. सदस्य - श्री रेख बहादुर थापा (प्रमुख प्रशासकीय अधिकृत)

१०. सदस्य - श्री श्याम यादव (कृषि स्नातक)

११.सदस्य सचिव - श्री प्रमोद कुमार राजभण्डारी (कृषि तथा पशु सेवा शाखा प्रमुख)

**११. लागत साझेदारी सम्बन्धमा ।**

प्रस्ताव नं.-११ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-२, बाकाचोलमा गाउँपालिका र एक्सन फर नेपालको लागत साझेदारीमा संचालन हुने झाँक्रीबास खानेपानी शीर्षकको योजनाको लागि चालु आ.व. मा विनियोजित बजेटबाट कार्य सञ्चालन नभएकोले आगामी आ.व. गाउँपालिकाकोतर्फबाट रु. ५० लाख रकम विनियोजन गरी लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१२. नविकरणीय ऊर्जा प्रविधि जडान सम्बन्धमा ।**

प्रस्ताव नं.-१२ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा सशर्त अनुदानको रुपमा नविकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) शीर्षकमा प्राप्त रु. ८,००,०००/- रकमबाट सोलार बत्ती सेट खरिद गरी ग्रामिण स्तरमा केन्द्रीय विद्युत पहुँच नपुगेका अति विपन्न घरधुरी वडा कार्यालयको सिफारिसको आधारमा सोलार बत्ती र सोलार बत्ती सेट जडान नभएका वडा कार्यालय, स्वास्थ्य चौकीहरुलाई वैकल्पिक उर्जाको रुपमा सोलार बत्ती सेट उपलब्ध गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**१३. कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं.-१३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका, प्रदेश सरकार र करुणा फाउण्डेशनको त्रिपक्षीय लागत साझेदारीमा आ.व. २०८०/०८१ मा सञ्चालन हुने तपसिल बमोजिमको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

# अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम

## ऐसेलुखर्क गाउँपालिकामा आ.व. २०८०/०८१ मा सञ्चालन हुने कार्यक्रम तथा बजेट

| क्र. सं. | कोड | क्रियाकलापहरु | जिल्ला / पालिका | इकाई | आ.व. २०८०/०८१ | | आ. व. २०८०/८१ को बजेट माग (२०८० माघ देखि २०८१ असार सम्म ) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | १ | **परिणाम १: नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य जाचँ मार्फत भविष्यमा हुनसक्ने अपाङ्गताको जोखिम न्युनीकरण गर्ने** | | | | | | | |
| | १.१ | **नतिजा १.१: नवजात शिशुको जाँचमा बृद्धि** | | | | | | | |
| १ | १.१.१ | नव दम्पतीलाई वितरण गरिने शुभकामना कार्ड छपाई | पालिका | दम्पत्ती | २२६ | ११३०० | २२६ | ११३०० | |
| २ | १.१.२ | जन्मजात अपाङ्गता पहिचानका लागि स्वास्थ्यकर्मीलाई तालिम | पालिका | पटक | १ | ५४१५० | १ | ५४१५० | |
| ३ | १.१.३ | जन्मजात हुनसक्ने अपाङ्गता पहिचानका लागि शिशुको जाँच तथा रेकर्ड | वडा | नवजात शिशु | ४७ | ७०५० | ४७ | ७०५० | |
| ४ | १.१.४ | जन्मजात अपाङ्गता पहिचान भएका नवजात शिशुको उपचार | पालिका | नवजात शिशु | १ | २५००० | १ | २५००० | |
| ५ | १.१.५ | फोलिक एसिड चक्कीको प्रभावकारी वितरणका लागि पैरवी | पालिका | दम्पती/गर्भवती महिला | ११८ | ० | ११८ | ० | |
| | | **परिणाम २: अपाङ्गता भएका व्यक्तिहरुको जीवनको गुणस्तरमा सुधार** | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २.१ | **नतिजा २.१ः अपाङ्गता भएका व्यक्तिहरुको सूचना अद्यावधिक एवं व्यवस्थापन** | | | | | | | |
| ६ | २.१.२ | अपाङ्गता भएका व्यक्तिहरुको विषेशज्ञ चिकित्सक/प्राविधिकद्वारा प्रारम्भीक जाँच शिविर | पालिका | पटक | ७ | २७६७५० | ७ | २७६७५० | |
| ७ | २.१.३ | प्रोफाइल तथा पुनःस्थापना योजना तयारी | वडा | व्यक्ति | २९७ | २९६८० | २९७ | २९६८० | |
| | २.२ | **नतिजा २.२ः अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यमा सुधार** | | | | | | | |
| ८ | २.२.१ | गृहभेट | वडा | पटक | २४० | ० | २४० | ० | |
| ९ | २.२.२ | आधारभूत फिजियोथेरापी सामग्री खरिद (सि.वि.आर. सहजकर्ताका लागि) | पालिका | पटक | २ | २०००० | २ | २०००० | |
| १० | २.२.३ | आधारभूत फिजियोथेरापी सेवा प्रदान | वडा | व्यक्ति | १५ | ० | १५ | ० | |
| ११ | २.२.४ | स्वास्थ्य उपचार सहयोग | वडा | व्यक्ति | ८ | ८०००० | ८ | ८०००० | |
| १२ | २.२.५ | सहयोगी सामग्री सहयोग | पालिका | व्यक्ति | ८ | १२०००० | ८ | १२०००० | |
| | २.३ | **नतिजा २.३ः शिक्षामा पहुँच बृद्धि** | | | | | | | |
| १३ | २.३.१ | विद्यालय भर्ना कार्यक्रम | वडा | व्यक्ति | ११ | ३६००० | ११ | ३६००० | |
| १४ | २.३.२ | समावेशी शिक्षाका लागि शिक्षक र व्यवस्थापन समितिहरुलाई तालिम | पालिका | पटक | ३ | २८३९५० | ३ | २८३९५० | |
| १५ | २.३.३ | अपाङ्गता भएका बालबालिकाहरुका लागि घरमा आधारित शिक्षा | वडा | व्यक्ति | ५ | ३४६६७ | ५ | ३४६६७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २.४ | **नतिजा २.४: अपाङ्गता भएका व्यक्तिका पारिवारको जीविकोपार्जनमा सुधार** | | | | | | | |
| १६ | २.४.२ | बीउपूँजी सहयोग | वडा | समूह | ७ | ३५०००० | ७ | ३५०००० | |
| १७ | २.४.३ | पास बुक र रजिष्टर छपाई | पालिका | वटा | ३२५ | २३२४० | ३२५ | २३२४० | |
| १८ | २.४.४ | अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्रमा पहुँच | पालिका | व्यक्ति | १७५ | ५०७५० | १७५ | ५०७५० | |
| | २.६ | **नतिजा २.६: अपाङ्गता भएका व्यक्ति र परिवारको सशक्तिकरण** | | | | | | | |
| १९ | २.६.१ | अपाङ्गता भएका व्यक्ति वा उनीहरुका अभिभावकहरुको मिलिजुली समूहको गठन | वडा | वटा | ७ | ३६२५० | ७ | ३६२५० | |
| २० | २.६.२ | मिलिजुली समूहको बैठक | वडा | पटक | २८ | ७१४०० | २८ | ७१४०० | |
| २१ | २.६.३ | अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय संस्था गठन | पालिका | पटक | १ | ३१९०० | १ | ३१९०० | |
| २२ | २.६.४ | अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पि.डि) सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालन | पालिका | पटक | १ | ६०००० | १ | ६०००० | |
| २३ | २.६.५ | मिलिजुली समूहको लागि वचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम | पालिका | पटक | १ | ८७३०० | १ | ८७३०० | |
| २४ | २.६.६ | ओ. पि. डि. को क्षमता अभिवृद्धी तालिम | पालिका | पटक | १ | ६२२०० | १ | ६२२०० | |
| | ३ | **स्थानीयतहहरुमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि कार्यरत संरचनाहरुको सवलीकरणमा सहयोग** | | | | | | | |
| | ३.१ | **नतिजा ३.१: क्षमता अभिवृद्धिमा सहयोग** | | | | | | | |
| २५ | ३.१. | पालिका स्तरीय समीक्षा बैठक तथा वार्षिक | पालिका | पटक | १ | ४५१५० | १ | ४५१५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | योजना निर्माण कार्यशाला | | | | | | | |
| | ३.२ | **नतिजा ३.२ः प्रशासन तथा व्यवस्थापन सुदृढिकरणमा सहयोग** | | | | | | | |
| २६ | ३.२.३ | सिविआर सहजकर्ता, कार्यक्रम सम्पर्क व्यक्तिहरू र ओ.पि.डि. प्रतिनिधिको मासिक बैठक | पालिका | महिना | ६ | ४८००० | ६ | ४८००० | |
| २७ | ३.२.५ | समुदायमा आधारित पुनःस्थापना सहजकर्ताको पारिश्रमिक | पालिका | सि.वि.आर.एफ. / महिना | १२ | ३००००० | १० | २५०००० | |
| २८ | ३.२.६ | सिविआर सहजकर्ताका लागि ल्यापटप तथा मोवाइल खरिद | पालिका | सि.वि.आर.एफ. | २ | २२०००० | २ | २२०००० | |
| २९ | ३.२.७ | सिविआर सहजकर्ताको यातायात तथा प्रशासनिक खर्च | पालिका | सि.वि.आर.एफ. | १२ | ३०००० | १० | २५००० | |
| ३० | ३.२.१० | अनुगमन तथा मूल्याङ्कन | पालिका | पटक | २ | २०००० | २ | २०००० | |
| | | रोकथाम - जम्मा लागत | | - | | ९७,५०० | ३९३ | ९७,५०० | |
| | | पुनःस्थापना - जम्मा लागत | | | | १,६५४,०८७ | १,१४२ | १,६५४,०८७ | |
| | | संरचनाहरुको सवलीकरणमा सहयोग - जम्मा लागत | | | | ६६३,१५० | ३१ | ६०८,१५० | |
| | | **कार्यक्रमको कुल लागत** | | | | **२,४१४,७३७** | **१,५६६** | **२,३५९,७३७** | |
| | | तयारी लागत | | | | – | – | – | |
| | | त्रिपक्षीय लागत साझेदारी | | | | २,४१४,७३७ | १,५६६ | २,३५९,७३७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पालिकाको लगानी | | | | ८०४,९१२ | ५२२ | ७८६,५७९ | |
| | | प्रदेश सरकारको लगानी | | | | ८०४,९१२ | ५२२ | ७८६,५७९ | |
| | | **करुणा फाउण्डेसन नेपालको लगानी** | | | | **८०४,९१२** | **५२२** | **७८६,५७९** | |